# नेपाल: शान्तिको देश कि शक्ति राष्ट्रहरूको नयाँ रणमैदान? एउटा नागरिकको विष्फोटक चिन्ता

**लेखक: डा. कृष्ण प्रसाद वली**

**पृष्ठभूमि: फर्किनुको पीडा र सपनाको भग्नावशेष**

म को हुँ? म त्यही नेपाली हुँ जसले जापानको प्रविधि र संस्कारमा ७ वर्षसम्म अध्ययन र अनुसन्धानको कठिन तपस्या गऱ्यो। म त्यही नेपाली हुँ जसले अमेरिकाको प्रतिष्ठित विश्वविद्यालयमा ६ वर्षसम्म काम गरेपछि हातमा आएको 'ग्रिन कार्ड' लाई आफ्नै मुलुकमा केही योगदान गर्ने पवित्र उद्देश्यले त्यागेर स्वदेश फर्कियो। आफ्नै माटोमा केही विशेष गर्न नसके पनि आफ्नो सुरमा जनस्वास्थ्य सम्बन्धी सामग्रीहरू तयार पार्दै र आफैँमाथि परेको पारिवारिक 'बज्रपात'को पीडा शेयर गर्दै बाँचिरहेको एक सचेत नागरिक हुँ।

यो फर्किनु सजिलो थिएन। जापानको सफा सडक, अमेरिकाको उन्नत ल्याब र हरेक दिनको सुविधाजनक जीवन छोडेर म नेपाल फर्किएँ। किन? किनकि मेरो मुटुमा एउटा सपना थियो – एउटा नेपाल, जसले आफ्ना सन्तानहरूलाई गर्वका साथ हेर्न सक्छ। एउटा नेपाल, जसको नाम सुन्दा विश्वले सम्मानको नजरले हेर्छ। तर आज, जब म आफ्नो देशको भविष्य सम्झन्छु, मेरो मुटु चिसिएर आउँछ। आँखा रसाउँछन्। के हामीले परिकल्पना गरेको नेपाल यही हो? के हाम्रो देश साँच्चै आफ्नो अस्तित्व जोगाउने बाटोमा छ, कि हामी अन्जानमै विदेशी शक्ति राष्ट्रहरूको खतरनाक रणमैदान बन्दैछौँ?

यो प्रश्न मेरो मात्र होइन, हरेक देशभक्त नेपालीको हो। आज म यो लेख मार्फत मेरो विष्फोटक चिन्ता तपाईंहरूसँग साझा गर्दैछु – न त कुनै राजनीतिक दलको पक्षमा, न कुनै विदेशी शक्तिको विरुद्धमा। केवल एउटा साधारण नागरिकको रूपमा, जसको रगतमा नेपालप्रतिको प्रेम बग्छ।

**असामान्य हलचल: एउटा झस्काउने सुरुवात**

गत 'जेन-जी' (Gen-Z) आन्दोलन पछिको राजनीतिक संकट पश्चात छ महिनाभित्र प्रतिनिधिसभा निर्वाचन गराउने एक सूत्रीय म्यान्डेट पाएर सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो। यो सरकार गठन भएपछि नेपालमा एउटा नयाँ आशा जागेको थियो। युवाहरूले सोचे – अब परिवर्तन आउँछ, भ्रष्टाचार घट्छ, राष्ट्रिय अखण्डता मजबुत हुन्छ। तर यो सरकारको नियुक्ति लगत्तै एउटा यस्तो घटना भयो जसले मलाई पहिलो पटक झस्कायो।

कुनै राष्ट्र प्रमुखलाई झैँ गरी तिब्बती धर्मगुरु दलाई लामाको बधाई सन्देश सबैभन्दा सुरुमा आउनु कूटनीतिक रूपमा सामान्य विषय थिएन। के तपाईंहरूले यसको गाम्भीर्यता ख्याल गर्नुभयो? एउटा छिमेकीको संवेदनशीलतासँग जोडिएको विषयमा अन्तरिम सरकारको यो 'मौन स्वीकृति'ले कतातिरको संकेत गरिरहेको थियो?

यो घटनाले मेरो मनमा एउटा प्रश्न उठायो – के हामीले इतिहासबाट सिकेका छैनौँ? नेपाल सधैं 'शान्तिको देश' को रूपमा चिनिन्थ्यो। हाम्रा पुर्खाहरूले पञ्चशीलको सिद्धान्तलाई जीवनको आधार बनाएका थिए। तर आज, जब विश्व शक्ति राष्ट्रहरूबीचको टकराव बढ्दै छ, हामी त्यसको बीचमा फसेका छौँ। मेरो चिन्ता यो हो कि हामीले आफ्नो सार्वभौमिकता जोगाउन सकेनौँ भने आउँदो पुस्ताले हामीलाई के भन्नेछ?

**जनवरी २९: त्रिभुवन विमानस्थलको त्यो रहस्यमय घटना**

समय बित्दै जाँदा आशंकाहरू सत्य सावित हुन थाले। जनवरी २९, २०२६ मा काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एउटा यस्तो घटना भयो जसले नेपाल-चीन कूटनीतिक सम्बन्धको जरा नै हल्लाईदियो। तिब्बती धर्मगुरु दलाई लामाका प्रतिनिधि क्याब्जे जोनाङ ग्याल्छाब रिन्पोछे काठमाडौँ ओर्लँदा उनलाई नेपाल सरकारका तर्फबाट "विशिष्ट कूटनीतिक प्रोटोकल" (Official Protocol) र उच्च सुरक्षाका साथ स्वागत गरियो।

विगत ३०-४० वर्षको इतिहास हेर्दा दलाई लामाका प्रतिनिधिहरूलाई "राजकीय सम्मान" वा औपचारिक सुरक्षा दिइएको उदाहरण अत्यन्तै न्यून र अपवाद स्वरूप मात्र छन्। विगतका सरकारहरूले चीनलाई चिढ्याउने डरले यस्ता भ्रमणहरूलाई गुपचुप राख्ने वा "शुद्ध धार्मिक" भनेर पन्छाउने गर्थे। तर, हालैको यो घटनाले ती पुराना 'लक्ष्मण रेखा' हरू नाघिदियो।

मलाई लाग्छ, यो घटना केवल एउटा धार्मिक भ्रमण थिएन। यो एउटा संकेत थियो – नेपालले आफ्नो परराष्ट्र नीतिमा एउटा नयाँ मोड लिँदैछ। तर यो मोड सही दिशातिर छ कि गलत? मेरो देशभक्त मुटुले भन्छ – हामीले सन्तुलन गुमाइसकेका छौँ। जब एउटा सानो देशले ठूला शक्तिहरूबीच सन्तुलन राख्न सक्दैन, तब उसको अस्तित्व नै जोखिममा पर्छ।

**पु यु हाइको चेतावनी र चिनियाँ आक्रोश**

यस घटनाको लगत्तै चिनियाँ प्रभावशाली लेखक तथा बुद्धिजीवी पु यु हाइ (Pu Yu Hai) ले 'ड्रागन' मिडियामा एउटा गम्भीर चेतावनीयुक्त लेख प्रकाशित गरे। उनले नेपालको "दोहोरो चरित्र" माथि प्रहार गर्दै दलाई लामाका प्रतिनिधिलाई सरकारी सम्मान दिनु चीनको संवेदनशीलता माथिको प्रहार भएको तर्क गरे। उनले स्पष्ट शब्दमा चेतावनी दिए– ***यदि नेपालले यस्ता गतिविधि नरोके यसको गम्भीर "परिणाम" भोग्नुपर्नेछ।***

यो चेतावनी केवल एक लेखकको विचार मात्र थिएन, बरु बेइजिङको कडा कूटनीतिक सन्देश थियो। लगत्तै काठमाडौँस्थित चिनियाँ दूतावासले परराष्ट्र मन्त्रालयलाई 'डेमार्श' (Demarche) जारी गर्दै स्पष्टीकरण माग्यो। चीनले यसलाई "सुरक्षा उल्लंघन" र "मित्रतामा धोका" को रूपमा परिभाषित गरेको छ। यहाँसम्म कि, केही चिनियाँ सञ्चारमाध्यमहरूले सीमापार रेलमार्ग र आर्थिक सहायताका परियोजनाहरूमा "पुनर्विचार" हुन सक्ने सांकेतिक धम्की समेत दिएका छन्।

मलाई यो चेतावनी सुन्दा रातभरि निद्रा लागेन। चीन हाम्रो छिमेकी हो, हाम्रो व्यापारिक साझेदार हो, हाम्रो विकासको सहयोगी हो। तर यदि हामीले उनीहरूको 'कोर इन्टरेस्ट' (तिब्बत) लाई बेवास्ता गर्छौं भने, हामीले आफ्नै खुट्टामा बञ्चरो हानिरहेका छौँ। मेरो चिन्ता यो हो कि यस्ता घटनाहरूले नेपाललाई एउटा 'बफर स्टेट' बनाउँदैछन् – जसलाई शक्ति राष्ट्रहरूले आफ्नो स्वार्थअनुसार प्रयोग गर्छन्।

**अन्तरिम सरकारको अपरिपक्वता र पञ्चशीलको बर्खिलाप**

सवाल उठ्छ– छ महिनाभित्र निर्वाचन गराउने म्यान्डेट पाएको सरकारले नेपालको परराष्ट्र नीतिको खम्बा मानिने "पञ्चशीलको सिद्धान्त" र "एक चीन नीति" को बर्खिलाप हुने गरी किन काम गरिरहेको छ? पञ्चशीलको मुख्य बुँदा 'एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्नु' हो।

सरकारले यसलाई "प्राविधिक वा प्रशासनिक भूल" भनेर उम्कन खोजेको छ। गृह मन्त्रालयले आफूलाई यसबारे जानकारी नभएको दाबी गरे पनि विमानस्थलको भिआईपी लाउन्ज प्रयोग र सरकारी स्कर्टिङ कसको आदेशमा भयो? यस्तो संवेदनशील समयमा छिमेकीको संवेदनशीलता बुझ्न नसक्नुलाई कूटनीतिक क्षेत्रमा "अपरिपक्वता" मानिन्छ। यसले चीनसँगको "विश्वासको संकट" (Trust Deficit) लाई चरम बिन्दुमा पुऱ्याएको छ।

मलाई लाग्छ, यो सरकारले युवाहरूको आन्दोलनबाट आएको शक्ति पाएको छ। तर शक्ति भनेको जिम्मेवारी हो, लापरवाही होइन। यदि हामीले पञ्चशीललाई बिर्सियौं भने, हाम्रो इतिहासले हामीलाई माफ गर्दैन।

**नेपालमा शक्ति राष्ट्रहरूको 'प्रोक्सी वार'**

तर यो घटना एउटा सुरुवात मात्र हो। भित्रभित्रै अर्कै पाक्दैछ। नेपालमा अहिले बार्बरा फाउन्डेसन र अमेरिकन युथ काउन्सिल (US Embassy Youth Council) जस्ता संस्थाहरूको बढ्दो गतिविधिले के संकेत गर्छ? के नेपाल चीन र अमेरिका बीचको शक्तिको टकरावको अखडा बन्न लागेको हो?

गत भाद्रको आन्दोलनपछि बनेको यो सरकारमा बार्बरा फाउन्डेसनसँग जोडिएका व्यक्तिहरूको प्रभाव रहेको भन्दै आलोचना भइरहेको छ। केही विश्लेषकहरूले यसलाई "पश्चिमा शक्तिद्वारा सञ्चालित छाया सरकार" सम्म भन्न भ्याएका छन्। अर्कोतर्फ, ***अमेरिकी दूतावासको युथ काउन्सिलले ९ लाख नयाँ युवा मतदाताहरूलाई लक्षित गर्दै ७७ वटै जिल्लामा आफ्नो सञ्जाल विस्तार*** गरिरहेको छ। चीनलाई लाग्छ कि यी युवा सञ्जालहरू प्रयोग गरेर नेपालमा "प्रो-वेस्टर्न" शक्तिलाई सत्तामा ल्याउन खोजिँदैछ, जसले चीनको सुरक्षामा चुनौती थप्न सक्छ।

अहिले नेपालमा दुई शैलीका शक्ति प्रदर्शन भइरहेका छन्: १. अमेरिका: फाउन्डेसन, युथ काउन्सिल र एमसीसी (MCC) जस्ता परियोजना मार्फत बौद्धिक र युवा वर्गमा पकड जमाउन चाहन्छ। २. चीन: सुरक्षा अधिकारीहरूसँगको समन्वय र 'पु यु हाइ' जस्ता लेखकहरू मार्फत "चेतावनीयुक्त कूटनीति" प्रयोग गरिरहेको छ।

यो प्रोक्सी वार हो। र यसको मैदान हाम्रो नेपाल हो। मलाई यो देखेर दुख लाग्छ – हाम्रा युवाहरू, जसले Gen-Z आन्दोलनमा रगत बगाए, उनीहरूलाई विदेशी शक्तिहरूले आफ्नो स्वार्थका लागि प्रयोग गर्दैछन्।

**निष्कर्ष: अब हामी जाग्ने कि नजाग्ने?**

बिल गेट्स जस्ता विश्वका सफल व्यक्तिहरूले भन्ने गर्छन्– "कुनै पनि देशको उन्नति त्यसको नीतिगत स्थिरतामा भर पर्छ"। तर नेपालमा बाह्य संस्थाहरूको बढ्दो सक्रियताले नीतिगत स्थिरता होइन, केवल "ध्रुवीकरण" बढाएको छ।

हाम्रो देश अब केवल 'दुई ढुङ्गा बीचको तरुल' मात्र रहेन, बरु चीन र अमेरिकाको भू-राजनीतिक अखडा बन्दै गएको संकेत मिलेको छ। ६ महिनाको म्यान्डेट पाएको अन्तरिम सरकारले इतिहासकै सबैभन्दा बढी बाह्य दबाब झेलिरहेको छ।

एउटा देशभक्त नागरिकका रूपमा म सोध्न चाहन्छु– के हामी हाम्रो सार्वभौमसत्ता विदेशीहरूको हातमा सुम्पिन तयार छौं? के फागुन २१ को चुनाव नेपाली जनताको हुनेछ कि विदेशी शक्तिहरूको?

मलाई विश्वास छ, नेपालीहरू जाग्नेछन्। हाम्रो इतिहासले सिकाएको छ – हामी सानो देश हौँ, तर हाम्रो आत्मसम्मान ठूलो छ। आउनुहोस्, हामी सबै मिलेर यो रणमैदानलाई शान्तिको उद्यान बनाऔँ। मेरो देशप्रतिको प्रेम कहिल्यै कम नहोस्।